नेपाल सरकार

कृषि तथा पशुपंछी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# लागत सहभागिताको आधारमा शित भण्डार गृह निर्माण गर्न प्रस्ताव आब्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७५।०६।२३)

कृषि उपजहरुको उत्पादन उप्रान्तको क्षति न्यूनिकरण, गुणस्तर प्रवर्द्धन, आवश्यक परिमाणमा उपलब्धता सुनिश्चितता गर्न र व्यवसायिक तथा औद्योगिक उत्पादन एवं बजारीकरणमा सहयोग पुर्याउनका लागि झापा, मोरङ्ग, सुनसरी, सर्लाही, धनुषा, काभ्रेपलाञ्चोक, कपिलवस्तु, धादिङ्ग, कैलाली, कास्की, र मनाङ्ग गरि ११ वटा जिल्लाहरुमा जिल्लागत प्रतिस्पर्धाको आधारमा नीजि कम्पनीसंगको साझेदारीमा १/१ वटा शित भण्डार गृह निर्माणका लागि बढीमा ७० (सत्तरी) प्रतिशत पूँजीगत अनुदानमा शित भण्डार गृह स्थापना एवं संचालन गर्ने कार्यक्रम रहेकोले देहायका शर्तहरुको अधिनमा रहि शित भण्डार गृह निर्माण गरि संचालन गर्न चाहने ईच्छुक निजी कम्पनीहरुबाट प्रथम पटक सूचना प्रकाशन भएको ३१ औं दिनको अपरान्ह १२:०० बजे भित्र शित भण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४ (शंसोधन सहित) को अनुसूची ३ बमोजिमका कागजातहरु संलग्न राखि अनुसूची २ बमोजिम सिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना आब्हान गरिएको छ । यस परियोजनाको website http://pmamp.gov.np बाट अनुसूची २ र ३ Download गर्न सकिनेछ ।

**शर्तहरु:**

१. एक निजी कम्पनीले एक भन्दा बढी जिल्लाको लागि प्रस्ताव पेश गर्न पाईने छैन ।

२. शित भण्डार गृहको निर्माण अवधि सो शित भण्डार गृहको क्षमता र प्रकृति अनुसार बढीमा दुई बर्षको हुनेछ ।

३. निजी कम्पनी यो सूचना प्रकाशन भएको मिति अगावै कोल्ड स्टोरेज स्थापना, संचालन गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको हुनु पर्नेछ ।

४. कृषि उपज भण्डारणको लागि शित भण्डार गृह स्थापना गर्न बढीमा ५,००० मे.ट. क्षमताका मल्टि च्याम्बर शित भण्डार गृहको लागि तोकिए बमोजिमको उपयुक्त जग्गा तराई र पहाडको हकमा कम्पनीको आफ्नो नाममा वा प्रोपरइटर वा संचालक सदस्यको नाममा दर्ता भएको हुनुपर्नेछ । तर हिमाली जिल्लाको हकमा कम्तिमा २० बर्षको करारनामा भएमा मान्य हुनेछ ।

५. शित भण्डार गृह स्थापना गर्न प्रस्तावित जग्गामा सडक, विद्युत र थ्री फेज लाईन भएको वा जडान गर्न सक्ने लगायतका आवश्यक पूर्वाधारहरुको व्यवस्थापन तथा शुलभ पहुँच भएको हुनुपर्ने छ ।

६. शित भण्डार गृह निर्माण गर्ने कम्पनीले आफ्नो तर्फबाट कम्तिमा ३० प्रतिशत लगानी गर्नु पर्नेछ र यसका लागि कम्पनीले व्यहोर्ने लगानी सम्बन्धमा सम्बन्धित बैंकबाट यस सूचानाको मिति पछि जारी भएको Letter of Intent पेश गर्नु पर्नेछ । सो ३० प्रतिशत लगानीको हिस्सामा कम्पनीको जग्गा र अन्य चालु खर्च समावेश हुने छैन ।

७. निर्माण गरिने शित भण्डार गृह बहुतले संरचना भएमा माटो जाँच को आधारमा Foundation design गरी पेश गर्नुपर्नेछ ।

८. कम्पनीलाई अनुदान दिन छनौट गर्दा प्रत्येक जिल्लामा एउटा कम्पनीलाई आन्तरिक जिल्ला (Within district) प्रतिस्पर्धाको आधारमा मूल्यांकन गरिनेछ, मूल्यांकनमा ईन्जिनियरीङ्ग डिजाईन ईस्टिमेट तथा व्यवसायिक योजना प्रस्तावमा कार्यविधिले तोकेको न्यूनतम उत्तिर्ण अंक सहित कम्तीमा ७० प्रतिशत अंक प्राप्त गर्नु पर्नेछ । प्रस्तावको मूल्यांकन गर्दा नेपाल सरकारको अनुदान रकम कम माग गरी कम्पनीले आफ्नो तर्फबाट ३० प्रतिशत भन्दा बढी अधिकतम लगानी गर्ने आशय पेश भएको प्रस्तावलाई प्राथमिकता दिईने छ ।

९. अन्य शर्त शित भण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४ (शंसोधन सहित) बमोजिम हुनेछ । यस कार्यविधिमा स्पष्ट नभएका कुराहरु प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**नोट:-** प्राप्त शिलवन्दी प्रस्तावहरु उपस्थित हुन चाहने आवेदकहरुको उपस्थितिमा प्रथम पटक सूचना प्रकाशन भएको ३१ औं दिनको अपरान्ह २:०० बजे खोलिनेछ । यदि सो दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ । सो समयमा आवेदकहरुको उपस्थिति नभएमा शिलवनन्दी प्रस्ताव खोल्न बाधा पर्नेछैन । प्रस्ताव स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस परियोजनामा निहित रहने छ ।

यस सम्बन्धमा थप जानकारी चाहिएमा कार्यालय समय भित्र परियोजना व्यवस्थापन इकाईको टेलिफोन नं ०१-५५२०३४६ र ०१-५५२१६१९ एवं ईमेल ठेगाना pmamp.pmu@gmail.com मा सम्पर्क गर्न सकिने छ ।